annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२१ पृष्ठ ८ | काठमाडौं, बुधवार १३ चैत २०८१ | चैत्र कृष्णपक्ष द्वादशी, नेपाल संवत् ११४५ | WEDNESDAY, MARCH 26, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# खेलाडीबिनाका मैदानहरू

## २६४ पालिकामा खेलग्राममको काम हुँदै : कतै बजेट अभावमा अलपत्र, कतै खेलाडी नहुँदा सुनसान

केशरराज क्षेत्री | *बुटवल*


- को रिपोर्ट

समाचार पृष्ठ २



गुल्मीको इस्मा गाउँपालिका ६ अम्मरपुरमा निर्माणाधीन लखनथापा अन्तर्राष्ट्रिय खेलमैदान। ● केशरराज क्षेत्री

सरकारले आर्थिक वर्ष २०७६/०७७ देखि खेल क्षेत्रको विकास गर्ने उद्देश्यले एक पालिका, एक खेलग्राम कार्यक्रम अघि सारे पनि त्यसले अझैसम्म मूर्तरूप पाउन सकेको छैन। देशभरका २ सय ६४ पालिकामा संघीय सरकारले युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत खेलग्राम निर्माणको काम अघि बढाएको छ। ती खेलग्राम निर्माणका लागि हालसम्म कुल १ अर्ब ५२ करोड ४० लाख रुपैयाँ बजेट संघीय सरकारले स्थानीय तहहरूलाई पठाएको छ। तर, ती खेलग्राम कतै बजेट अभावमा अलपत्र छन् भने कतै निर्माण पूरा भएर पनि खेलाडी नहुँदा सुनसान छन्। मैदान निर्माणमा चासो देखाए पनि खेलाडी उत्पादन गर्नतर्फ तीन तहकै सरकारले चासो नदेखाउँदा बनेका र बन्दै गरेका मैदानहरू गौचरनमा परिणत हुने खेलप्रेमीको गुनासो छ।




## 'देश र जनताको हितमा सरकार'



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अहिलेको सरकारले देश र जनताको हितका लागि इमानदारिताका साथ काम गरिरहेको बताएका छन्। मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा पूर्वउपप्रधानमन्त्री सुजता कोइरालाद्वारा लिखित पुस्तक 'म र मेरो सानोबुवा' आत्मकथाको लोकार्पण समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। उनले नेपाल विद्युत् प्राधिकरणबाट कुलमान घिसिङलाई हटाएको विषयमा बोल्दै अहिले केही विषय पायो भने विरोध सुरु भइहाल्ने खालको प्रवृत्ति सिर्जना भएको छ।

उक्त कार्यक्रममा बोल्दै उनले भने, 'मैले आइडोलोजी त्यति धेरै हेर्दिनँ, देशप्रतिको निष्ठा हेर्छु। आइडोलोजी आफ्नो आफ्नो हुन सक्छन्। देश साझा हो। सबैका समान तरिकाका सोच पनि नहुन सक्छन्। तर, यो सबै अटाउने ठाउँ पनि हो। अहिले जति सानो विषय होस् तिललाई पहाड बनाउने काम भएको छ।'

» बाँकी पृष्ठ ६

सत्तारूढ दलको बैठक

## भूमिसम्बन्धी अध्यादेश पुनः अगाडि बढाउने तयारीमा सरकार



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले भूमिसम्बन्धी अध्यादेशलाई पुनः अघि बढाउने तयारी गरेको छ। सत्तापक्षीय दलका शीर्ष नेताको बैठकमा भूमिसम्बन्धी अध्यादेशमा राजनीतिक सहमति जुटाउने विषयमा छलफल भएको छ। सरकारलाई समर्थन गरेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी नेतालले भूमिसम्बन्धी अध्यादेशमा विरोध जनाएका कारण अघि बढ्न सकेको छैन।

संसद्को हिउँदे अधिवेशन सुरु भएको दिन माघ १८ गते नै भूमिसम्बन्धी लगायतका ६ वटा अध्यादेश संसद्मा पेस भएका थिए। जसमा सुशासन प्रबर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण (पहिलो संशोधन) अध्यादेश र आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश तथा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश अघि बढेको छ। प्रतिनिधिसभाबाट पास भएर राष्ट्रियसभामा छ। तर, भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश जसपा नेपालका कारण रोकिएको छ। सत्तारुढ दलको बैठकले विचाराधीन ५ विधेयकलाई यथाशीघ्र टुंगोमा पुर्‍याउने विषयमा सत्तापक्षीय दलबीच छलफल गरेको छ।

» बाँकी पृष्ठ ६

# टोलीले बनाएका राष्ट्रिय परिचयपत्र बेकम्मा, दुर्गमका नागरिकलाई सास्ती

**शिव उप्रेती** | *गोरखा*

दुर्गमका बासिन्दालाई सजिलो होस् भन्ने उद्देश्यले गाउँगाउँमा टोली खटाएर बनाइएका राष्ट्रिय परिचयपत्र बेकम्मा भएपछि अहिले दुर्गम गाउँका बासिन्दालाई सास्ती भएको छ। तीन वर्षअघि टोली आएर बनाएको परिचयपत्र बेकम्मा भएपछि उत्तरी गोरखाको धार्चे गाउँपालिका-२ र ५ का बासिन्दा बस रिजर्भ गरेर परिचयपत्र बनाउन सदरमुकाम झरेका छन्। तीनवटा बस रिजर्भ गरेर आएका केरौंजा, रुञ्चेत, गुम्दा, लप्सीबोट, यमगाउँ, सिङलाका सेवाग्राहीले अहिले जिल्ला प्रशासन कार्यालयको आँगन र पिँडी भरिएको छ। तीन दिनदेखि कार्यालय धाएको उनीहरूको दुःखेसो छ।

'अहिले वृद्धभत्ता खान कार्ड नभई हुन्न भनेपछि पो थाहा भयो तीन वर्षअघि गाउँमा गएको टोलीले बनाएको कार्ड त कामै नलाग्ने भएको रहेछ', धार्चे–२ केरौंजाका ७० वर्षका भीमबहादुर गुरुङ भन्छन्, 'कार्ड आज आउला, भोलि आउला भनेर कुर्दाकुर्दै तीन वर्ष बितिसक्यो अझै आएन', गुरुङ भन्छन्, 'अहिले आएर पो थाहा भयो, फारामै बिग्रिएको रहेछ। सच्याउनुपर्‍यो भनेर तीन दिनदेखि धाएको छु तर काम भाको छैन। कहिले कुन कागजले भन्छन्, कहिले कुन।' आफ्नो केही गल्ती नभए पनि बुढेसकालमा दुःख पाएको उनले बताए।



**जिल्ला प्रशासन कार्यालयमा दुर्गम गाउँ केरौंजाका बासिन्दाको भीड।** ● शिव उप्रेती

तीन वर्षअघि फोटो खिचाएर परिचयपत्र नपाएका उनीमात्र एक्ला छैनन्। उनका गाउँका कसैले पनि अहिलेसम्म परिचयपत्र त परको कुरा, नम्बरसम्म पनि पाएका छैनन्।

» बाँकी पृष्ठ ६

